# कम्युनिष्ट पार्टी र मजदुरः पानी र माछा

● विष्णु रिमाल

जननेता मदन भण्डारीले मार्क्सवादको श्रृजनात्मक प्रयोगका क्रममा नविन सोचहरू अघिसार्नु भयो। मार्क्सवादी सिद्धान्तको क्षेत्रमा कमरेड भण्डारीको यही विशिष्ट योगदानले उहाँलाई देशको कम्युनिष्ट आन्दोलनको शिखर व्यक्तित्वमात्र नभई उहाँबाट अघि सारिएको सोचले समकालीन विश्वमा नेपाली कम्युनिष्ट आन्दोलनलाई समेत परिचित गरायो। नेपालको कम्युनिष्ट आन्दोलनमा जननेता भण्डारीका अतिरिक्त अरु थुप्रै व्यक्तित्वहरूको पनि महत्वपूर्ण योगदान छ। नेपालमा मार्क्सवादको विकास र प्रयोगमा यथाशक्य लगानी गर्नु भएको छ। तर, शिर्षनेता मध्ये अधिकांशले व्यापक क्षेत्र ओगट्ने किसान आन्दोलनको सवालमा मात्र सैद्धान्तिक बहस व्याख्या र विशलेषण गर्नु भएको छ। धेरै नेताहरूले देशमा मजदुरहरूको संख्या सानो भएकाले उतिसारो राजनीतिक महत्व दिनु नपर्ने तर्क अघि सार्नु भएको छ। "शक्ति भएका जिनीशहरूलाई मात्रामा होईन गुणमा नापिन्छ।" जननेता भण्डारीका सोच यसरी प्रचलित प्रवृत्ति भन्दा बिपरीत रहेको छ। यही मान्यतामा अडिग रहँदै उहाँले आफ्नो जीवनको छोटोकालमै नेपाली मजदुर वर्गीय आन्दोलनलाई सैद्धन्तिक विश्लेषणबाट समृद्ध पार्नु भएको छ। नेपालको मजदुर आन्दोलनको प्रमुख समस्या के हो ? के कार्ल मार्क्सले भन्नु भएझै नेपालको मजदुर आन्दोलनले सर्वहारा श्रमजिवी वर्गीय क्रान्तिको नेताको भूमिका निर्वाह गर्न सक्छ ? के नेपालको पूँजीपतिहरूको चरीत्र विकसित पश्चिमी राष्ट्रका पूँजीपति जस्तै छ ? नेपालको मजदुरको चेतना स्तर कस्तो छ? यसले श्रमजीवी वर्गीय आन्दोलनलाई प्रभावित गरिरहेको छ ? कमरेड भण्डारीका मजदूर आन्दोलन सम्बन्धी रचनाहरू यस्तै प्रश्नहरूको जवाफमा केन्द्रित रहेको पाईन्छ। "सामान्यतया पूँजीपति वर्ग आफ्नै पूँजीवादी स्वार्थले गर्दा जनता संगठित भएर बस्ने कुराको बिरोधी हुँदैन। यदी उसलाई उखेलेर फल्ने समाजवादी आन्दोलन चलिरहेको छैन भने पूँजीपतिहरू जनताको संगठन र गतिविधि देखि त्यति आत्तिँदैनन्। तर, हाम्रो देश यस्तो छैन। यहाँका पूँजीपतिहरू जनता संगठित भएको देखी सहँदैनन्, यो सामन्ती प्रवृत्ति हो।" जननेता भण्डारीले नेपालका पूँजीपतिहरूको सन्दर्भमा व्यक्त गर्नु भएका यी

बिचारहरू हिजो सान्दर्भिक थिए आज पनि त्यतिनै सामयिक छन्। बहुदलीय व्यवस्था स्थापना पछी देशमा चलिरहेको संघ-संस्था निर्माण अभियानमा उदारीकरणको नाममा होस् वा उद्योगको प्रकृति "निर्यातमूलक भएको" दलिल दिएर होस्, उद्योगीहरूबाट आ-आफ्नो उद्योगमा मजदुर यूनियन बन्न नदिन चालिएका विभिन्न हतकण्डाहरू यस प्रसंगमा उल्लेखनीय छन्।

हाम्रो देशमा विद्यमान अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक उत्पादन सम्बन्ध, पूँजीपति वर्ग र सामन्तवर्गबिचको संश्रय, अनि सामन्तवर्ग र विदेशी पूँजीपतिवर्गबिचको संश्रयमा आधारित छ। यसैले नेपालमा पूँजीपतिवर्ग माथि सामन्तवाद हावी पनि छ। "मजदुर आन्दोलनको बाटोमा त्यो बाधक तत्व को हो ? अरु बाहेक सामन्तवाद पनि एउटा त्यो प्रमुख तत्व हो। जसले मजदुरलाई कारखानामा थिचिरहेको छ।" कमरेड भण्डारीको यो अभिव्यक्ति पूँजीपतिहरूको सामन्ती शोषण र विद्यमान अर्धसामन्ती-अर्ध औपनिवेशिक उत्पादन सम्बन्ध तर्फ परिलक्षीत छ। कमरेड भण्डारीले सधैंभरी मजदुर आन्दोलनलाई कम्यूनिष्ट पार्टीको अभिन्न अङ्गको रूपमा चित्रित गर्नु भएको छ। व्यवहारमा पनि पार्टी खुल्ला भएपछि भएका र हुने गरेका अनगिन्ती श्रम-विवाद र सामुहिक कार्वाहीहरूमा औसत पार्टी नेताहरूको त्यति चासो रहने गरेको छैन्। मजदुर आन्दोलनमा अमुक कमरेड इन्चार्ज रहने भएकोले "उहाँकै ठेक्का" को रूपमा यो आन्दोलनलाई महत्व नदिने या विवाद रहेको खास पक्षको अनुरोधमा चासो देखाउने जस्ता कार्य हुने गरेका छन्। तर, कमरेड भण्डारीको एउटा विशेषता के थियो भने, सानो भन्दा सानो श्रम-विवादको सूचना प्राप्त हुनासाथ मजदुर आन्दोलनको नेताको खोज-खबर गर्ने, मजदुरको पक्षमा विवाद हल गर्न निर्देशन दिने र पछि परीणाम के हुने भनी अनुगमन समेत आफै गर्नु हुन्थ्यो। मजदुर आन्दोलन स्वायत्त, स्वतन्त्र हुनु पर्ने हो कि पार्टिको अंग ? यस्ता प्रश्नमा वहाँमा स्पष्ट दृष्टिकोण थियो। आन्दोलनमा जनवर्गीय संगठनहरू स्वतन्त्र ढंगले संचालन हुनु पर्ने उहाँका अभिमत थिए। साथै, "कम्यूनिष्ट पार्टी र मजदुर यूनियन" पानी र माछा जस्तै हुनु पर्ने उहाँको विचार थियो।

"मजदुर संगठन र खुद मजदुर समुदाय भनेको कम्यूनिष्ट पार्टीको आधार हो। अथवा, यसो भन्न सकिन्छ कि यो पानी जस्तो कुरा हो र कम्यूनिष्ट पार्टी त्यसको एउटा माछा जस्तो कुरा हो।" उहाँले निरपेक्ष स्वतन्त्र संगठनको वकालत गर्नेहरूका तर्कलाई यसरी जवाफ दिनु भएको थियो : "त्यसो हुनाले मजदुर संगठन र कम्यूनिष्ट पार्टीकाबिचमा जुन अन्योन्याश्रित सम्बन्ध हुन्छ, त्यो सम्बन्धलाई हामीले गंम्भिरतापूर्वक बुझ्नु पर्छ। हाम्रो देशको श्रमजीवी वर्गीय आन्दोलनको सन्दर्भमा एउटा प्रचलन छ। लेख, दस्तावेज र वक्तव्यहरूमा मजदुर महान हुन्, सर्वहारा हुन्, यो युगको क्रान्तिका नेता हुन् भन्ने, यसको अतिरिक्त मजदुर वर्ग सर्वहाराकृत हुने प्रसंगलाई प्राविधिक ढंगले बुझ्ने र अमुक कारखानामा काम गर्ने अमुक व्यक्तिलाई नै क्रान्तिको "ठेकेदार" चित्रित गर्ने भ्रमात्मक सोच बोक्नेहरूको संख्या पनि यो

आन्दोलन भित्र ठूलै छ। यसले गर्दा "शब्दमा नेता मान्ने, व्यवहारमा श्रमजीवी जनसमुदायलाई उपेक्षा गर्ने" दुःखलाग्दो व्यवहारिक अनुभव पनि विद्यमान छ। कार्ल मार्क्सले मजदुरलाई क्रान्तिको नेता भन्नु भएको छ। उहाँ पछिका सबै सर्वहारा वर्गका नेताहरूले यस समर्थन जनाउँदै आ-आफ्नो देशमा क्रान्ति सम्पन्न गरेका छन्। त्यसो भए यसलाई कसरी बुझ्ने ? कमरेड भण्डारीको स्पष्ट जवाफ छ- "संसार भरीका मजदुरहरूको जीवन शैली एक किसिमको र हैसियत उस्तै प्रकारको भएको हुनाले त्यसले संसार भरीका मजदुरहरू एकजुट होऔं र "मानव जातिलाई शोषण र असमानताबाट मुक्त गरौं" भन्ने दुरगामी नारा दिएर नेतृत्व गर्न सक्छ। यस अर्थमा नै सर्वहारा वर्ग वर्तमान युगको नेता हो, सबभन्दा अग्रगामी शक्ति हो। तर, यस्तो सर्वहारा, सर्वहारा चिन्तन र जीवन शैली नअपनाउने, आफ्नो भूमिका प्रति स्पष्ट नभएको तथा तमाम गैर सर्वहारा र निम्न पूँजीवादी चिन्तनहरूले ग्रस्त भएको छ भने मजदुर हुँदैमा र कारखानामा काम गर्दैमा त्यसले सामाजिक क्षेत्रमा अगुवा भूमिका खेल्ने कुरा हुन् सक्दैन।" जननेता भण्डारीले हाम्रो देशको मजदुर आन्दोलन विकसित नहुनाको प्रमुख सैद्धान्तिक कारणलाई यसरी व्याख्या गर्नु भएको छ- "जबसम्म मजदुर काम र चिन्तन दुवै हिसाबले पूर्णतः सर्वहारा हुदैनन् तबसम्म उनीहरूबाट वर्गको हिसाबले पुरा गर्ने कुनै उच्च ऐतिहासिक भूमिका पालन हुने कुराको आशा राख्न सकिन्न।"

कमरेड भण्डारीले वर्गीय एकता, शक्तिशाली संगठन, सचेतनता अभियानलाई आम मजदुरलाई सर्वहारा चिन्तन र जीवन शैलीमा डोऱ्याउने हतियारको रूपमा प्रस्तुत गर्नु भएको छ। "मजदुर वर्गले आफ्नै एकता, संगठन र संघर्षको बलबाट नखोसेसम्म कसैले उनीहरूलाई दयामाया गरेर अधिकार र सुविधा प्रदान गर्दैन। वर्गीय एकता, स्वतन्त्र संगठन र संगठित संघर्षको महत्व नबुझ्ने मजदुरहरूलाई दास र लठैत बनाइने गरिन्छ। आज नेपालका मजदुरहरूको यहि चेतनाको न्यूनताले दासत्व बेहोर्नु परेको छ। कमरेड भण्डारीले नेपाली मजदुरवर्गको पछौटेपनको लागि विद्यमान रुढीवादलाई पनि जिम्मेवार ठहऱ्याउनु भएको छ। "हाम्रो देशको मजदुर आन्दोलनले किन विकास गर्न सकेन ? यो किन अझै जवान र प्रौढ बन्न सकेन ? यसका कारण के हुन् ? " यी प्रश्नको जवाफमा कमरेड भण्डारी भन्नुहुन्छ - सर्वप्रथम हाम्रो मजदुर आन्दोलन रुढीवादबाट मुक्त हुनु आवश्यक छ। त्यसो भए, मजदुर आन्दोलन भित्रको रुढीवाद भनेको के हो ? कमरेड भण्डारी भन्नु हुन्छ- आफ्नो कार्यक्षेत्रको ठोस परिस्थितिको ठोस विश्लेषण नगरी वैदेसिक आन्दोलनका रुढ मान्यताहरूको यान्त्रिक अनुसरण गर्नुलाई नै आमरूपमा त्यस क्षेत्रको रुढीवाद भन्न सकिन्छ।"

यसरी जननेता भण्डारीले आफ्ना सम्पूर्ण लेख, रचना र सम्बोधन मार्फत नेपाली मजदुर आन्दोलनको सवालमा तीन मूल पक्षमा जोड दिनु भएको पाईन्छ। पहिलो, नेपालको पूँजीपति वर्ग अझै सामन्ती शोषण गर्दैछ। दोस्रो, नेपालको मजदुर वर्ग

अपेक्षित सचेत नभई सकेकोले क्रान्तिको नेता बन्ने भूमिका निर्वाह गर्न सकिरहेको छैन। तेस्रो, मजदुर वर्गको चेतनामा रहेको न्यूनताको कारणले या उनीहरू दासत्व स्वीकार्न बाध्य परिएका छन्, या त रुढीवादको शिकार भई दिग्भ्रमित भईरहेका छन्। २०४१ सालमा तत्कालीन मजदुर आन्दोलनको विश्लेषण गर्दै उहाँले भन्नु भएको थियो -"अहिलेसम्म मजदुर आन्दोलनका आफ्ना राष्ट्रिय विशिष्टताहरू, आन्दोलनका रूप र क्षेत्रहरूबारे पर्याप्त अनुसन्धान भएको छैन। आन्दोलनले राष्ट्रिय विशिष्टतालाई उद्घाटित गर्न सकिरहेको छैन। यस बारेमा विशेष नीतिहरूको निर्माण र सृजनात्मक प्रयोग भएको छैन।"

अहिले, २०५४ सालमा ठोस राष्ट्रिय श्रमनीति, उद्योगको प्राथमिकताक्रम निर्धारण, मजदुर शिक्षा र तालीमको माग गर्ने नेपाली ट्रेड यूनियन आन्दोलनका लागि कति सामयिक छ - "जननेता भण्डारीका विचारहरू।"

निर्माणकर्मी, वर्ष २, अंक २, २०५८